**अष्ट्रेलियाली सरकार**

**अध्यागमन तथा सिमा सुरक्षा बिभाग**

**विशेष मानविय कार्यक्रम (SHP )**

## सन् २०१३ - १४ मा अष्ट्रेलियाली मानविय कार्यक्रम

सन् २०१३ - १४ को अष्ट्रेलियाली मानविय कार्यक्रममा १३७५० कोटा छ जसमा कम्तिमा ११००० कोटा समुन्द्रपार देश का लागी हुन ।

११००० कोटा शरणार्थीका लागि हुन जसमा धेरै जसो UNHCR द्वारा सिफारिस गरिएका शरणार्थीहरू पर्दछन र विदेशमा बसोबास गर्ने मानविय सहयोगको आवश्यक्ता भएका तथा अष्ट्रेलियामा भएका आफ्ना परिवार सँग पुनर्मिलनको आयश्यक्ता भएका व्यक्तिहरू SHP अन्तर्गत पर्दछन ।

अष्ट्रेलियाले तिनप्रमुख क्षेत्रबाट पुर्नबास जारी रख्ने छ : एसिया, मध्यपुर्व र अफ्रिका । सन् २०१३ - १४ मा भिसा प्राप्त गर्ने व्यक्तिहरू इराकबाट भागेका, सिरिया, बर्मा, अफगानिस्थान, भुटान र प्रजातात्रिक गणराज्य कङ्गोका व्यक्तिहरू हुने छन ।

सरकारले यो घोषणा गरिसकेको छ की २०१३ - १४ का लागी ५०० शरणार्थी कोटा सिरियाबाट भागेर मध्यपुर्वका छिमेकी देशहरूमा भएका शरणार्थीका लागी हुन् ।

## विशेष मानवियकार्यक्रम (SHP) का लागी बढाइएको कोटा सँख्या

सन् २०१३ - १४ को मानविय कार्यक्रममा हालका वर्षहरूमा भन्दा बढी कोटा SHP कार्यक्रम अन्तर्गत आउने आगन्तुकका लागी हुने छन । यसले धेरै मानिसहरूलाई आफ्ना परिवार अष्ट्रेलिया ल्याउन सघाउने छ । केहि ठाँउमा जहाँ ठूलो सँख्यामा पुनर्वाश कोटाहरू उपलब्धभई कार्यक्रम कायम रहने छन सो स्थानहरूमा पनि शणार्थी तथा SHP कोटा गरि मिश्रित कोटा कायम गर्न आवश्यक छ ।

शरणार्थी कोटाहरू अन्तगर्त नयाँ तथा उदाउदै गरेका शरणार्थी को जनसँख्या, खतरामा परेका महिलाहरू र UNHCR ले तुरून्त संरक्षणको खाँचो छ भनि पहिचान गरेका व्यक्तिहरू का लागी प्रथमिकता दिईन्छ ।

SHP कार्यक्रम आगामी वर्षहरूमा अष्ट्रेलियाली मानविय कार्यक्रम अन्तगर्त मानिसहरू भित्राउने ठूलो कार्यक्रमको रूपमा कायम रहने छ ।

## नेपालमा रहेका ५००० भुटानी शरणार्थी पुनर्वास गर्ने अष्ट्रेलियाली प्रतिबद्धता

सन् २००८ मा अष्ट्रेलियाली सरकारले अन्य देश हरूले जस्तै नेपालबाट ५००० भुटानी शरणार्थी अष्ट्रेलियामा पुनर्वास गराउने घोषणा गऱ्यो र प्रतिबद्धता गरेकोमा हाल सो सँख्या प्रतिबद्धता गरेको सँख्या सँग ज्यादै नजिक छ । नेपालबाट भुटानी शरणार्थी पुनर्वास गर्ने अन्य देश हरुमा सँयुक्त राज्य अमेरिका लगायत क्यानडा, डेनमार्क, नेदरल्याण्ड, नर्वे, न्यूजिल्याण्ड र बेलायत हुन ।

सो प्रतिबद्धता गरे देखिनै भुटानी हरुको सँख्या अष्ट्रेलियाली समुद्रपार मानविय कार्यक्रम अन्तर्गत अष्ट्रेलिया पुनर्वास भएका देशहरु मध्ये लगातार रुपमा माथिल्लो उच्च पाँचौ स्थानमा पर्दै आईरहेको छ ।

सन् २००७ - ०८ देखी सन् २०१२ - १३ सम्म नेपालमा रहेका भुटानी हरुलाई भिसा प्रदान गरिएको सँख्या :

| कार्यक्रम वर्ष | २००७ - ०८ | २००८ - ०९ | २००९ - १० | २०१० - ११ | २०११ - १२ | २०१२ - १३ |
|---|---|---|---|---|---|---|
| भिसा सँख्या | २०५ | ६१४ | ११४१ | १००० | ६९५ | १०२३ |

## ५००० औं भिसा प्रदान गरिसकेपछि पनि के अष्ट्रेलियाले भुटानीहरुको पुनर्वास जारी राख्ने छ ?

**५००० औं भिसा प्रदान गरिसकेपछि पनि नेपालमा रहेका भुटानी शरणार्थी को पुनर्वास कार्यक्रम जारी रहनेमा अष्ट्रेलिया प्रतिबद्ध छ । यदि यही वर्ष ५००० औं भिसा प्रदान गरेर सकिए पनि अष्ट्रेलियाली सरकारले नेपालमा रहेका भुटानी शरणार्थीलाई भिसा रोक्ने छैन ।**

भविष्यमा धेरैजसो भुटानी हरुलाइ अष्ट्रेलिया पुनर्वास गराउने प्रक्रिया सम्भवत मानविय सहयोग कार्यक्रम अन्तर्गतको विशेष कार्यक्रम SHP मार्फत हुने छ ।

UNHCR ले सिफारिस गरेका शरणार्थी हरुको लागि केही सँख्यामा शरणार्थी भिसा लगातार रुपमा प्रदान गरिने भएपनि सो सँख्या जोखिममा परेका व्यक्तिहरूका लागी सिमित रहने संभावना छ । भविष्यमा भुटानीहरुका लागी धेरै जसो कोटाहरु SHP कार्यक्रम अन्तर्गत प्राप्त हुने छन् । यसले अष्ट्रेलियामा नजिकको नातेदार भएका र UNHCR मा दर्ता भएका नेपाल स्थित भुटानी शरणार्थीहरुलाई अष्ट्रेलियामा पुनर्वास गर्न अनुमती दिने छ ।

SHP कार्यक्रमले अष्ट्रेलियामा राम्ररी स्थापित भैसकेका भुटानी लगायतका शरणार्थी समुदायहरु लाई सरकारसँग मिलेर पुनर्वासको खाँचो भएका मानिसहरुको पहिचान गरी उनिहरुलाई अष्ट्रेलियामा आगमन पश्चात सेवा प्रदान गर्न सहयोग पुऱ्याउने छ ।

## मलाई किन नेपालमा भएका मेरो परिवारको सदस्यलाई SHP को प्रस्ताव प्रदान गर्न भनिएको हो ?

भुटानी लगायत अन्य धेरै समुहहरुका लागी भविष्यका वर्षहरुमा शरणार्थी कोटा कम तर SHP कोटा बढी उपलब्ध हुने संम्भावना देखिन्छ । यसर्थ विभागले शरणार्थी कोटामा अगाडीनै बिचाराधीन सुचिमा रहेका तथा नजिकका नातेदार अष्ट्रेलियामा भएका व्यक्तीहरुलाई SHP कार्यक्रममा इच्छा भए नभएको हेर्न भेटघाट गर्दैछ ।

यस कार्यक्रमले अष्ट्रेलियामा रहेका नातेदारलाई फारम भर्न, प्रस्तावक हुन तथा आफ्नो नातेदार अष्ट्रेलिया आइपुगे पश्चात उनीहरुलाई पूर्ण रुपमा सहयोग गर्छु भनि मञ्जुर गराउनेछ । आफ्नो नातेदारको अष्ट्रेलिया सम्मको हवाई भाडा तिर्नु प्रस्तावकको उत्तरदायित्व हो । सो खर्च तिर्नका लागी IOM मार्फत विना व्याज ऋण उपलब्ध हुनेछ ।

यदि तपाईका आफन्तहरु SHP भिसाका लागी योग्य ठहरिएमा अष्ट्रेलियाली सरकारले सँधै झै स्वास्थ परिक्षण (medical) को खर्च व्यहोर्ने छ र उनीहरु पहिले जस्तै HSS सेवाका लागी पनि योग्य मानिनेछन ।

SHP कार्यक्रम छनोट गरी सो मार्फत पुनर्वास हुन विचार गर्ने निवेदकहरुको सवै आवश्यक्ता पूरा भएको खण्डमा उनिहरुको निवेदनलाई वढि भन्दा वढि छिटो टुङ्गो लगाईनेछ ।

SHP भिसामा इच्छा नभएका वा अष्ट्रेलियामा आफ्नो कोही पनि प्रस्तावक नभएका व्यक्तिहरूका लागि सो कार्यक्रम अनिवार्य छैन । उनीहरुको शरणार्थीकै हैसियतमा पहिले देखि नै चलिरहेको प्रकृया अगाडी बढाईनेछ तर सोको टुङ्गो लाग्न केही समय लाग्ने छ किनकी यो कुरा आगामी वर्षहरुमा भुटानीहरुका लागी उपलब्ध कोटामा भर पर्दछ ।

## मलाई कसले प्रस्ताव गर्न सक्नेछन ?

जो कोही अष्ट्रेलियाली नागरिक, अष्ट्रेलियाली स्थायी वासिन्दा अथवा अष्ट्रेलियामा बसोवास गर्ने न्यूजिल्याण्डका नागरिकले तँपाईको SHP भिसाका लागी प्रस्ताव गर्न सक्छन । तपाईलाई अष्ट्रेलियाको कुनै एक सामुदायिक सँस्थाले पनि प्रस्ताव गर्न सक्छ । जसको अष्ट्रेलियामा नजिकका आफन्त छन् उनीहरुको निवेदनलाई प्राथमिकता दिइने छ ।

## SHP अनतर्गत पर्ने कार्यक्रममा के फरक छ ?

इदि तपाईलाई नातेदार वा सामुदायिक सँस्थाले प्रस्ताव गरेको हो भने उनिहरुले तपाई लगायत तपाईसँग जाने परिवारका सदस्यको अष्ट्रेलिया सम्मको यात्रा खर्च व्यहोर्न पर्दछ ।

SHP कार्यक्रम अन्तर्गत अष्ट्रेलिया जाने भुटानी निवेदकका लागी अन्तराष्ट्रिय आप्रवासी सँगठन (IOM) ले सहुलियत दरमा हवाई भाडा, वहिरगमन अनुमतिपत्र, आन्तरिक यात्रा तथा यात्रा व्यवस्थापन र ट्रान्जिट आवश्यक्ताको व्यवस्था गर्दछ । अष्ट्रेलियामा रहेका तपाईका आफन्त हरुलाई अष्ट्रेलिया स्थित IOM कार्यलयमा गई यी सुविधाहरु उपलब्ध गर्नका लागी सल्लाह दिइन्छ । IOM ले SHP प्रस्तावकलाई शुल्क तिर्नका लागी ऋण योजना सञ्चालन गर्दछ । उक्त ऋणको कुनै ब्याज लाग्ने छैन र तपाईको प्रस्तावकले नियमित किस्तामा ऋण तिर्दै जान सक्नेछन । यस योजनाकाबारे थप जानकारी IOM को इन्टरनेट ठेगाना www.iomaustralia.org/projects_nils.htm मा उपलब्ध छ ।

अष्ट्रेलियाली सरकारले तपाइको प्रस्तावकबाट तपाई र तपाईको परिवारलाई अष्ट्रेलियामा बसोवास गराउन निम्न लिखित कुराहरु गरेर सहयोग गरिदियोस भन्ने अपेक्षा गर्दछ ।

- विमानस्थलमा लिन गएर
- बसोवासको प्रवन्ध मिलाएर
- विभिन्न तरिकाले तपाई र तपाईको परिवारलाई अष्ट्रेलियाको नयाँ जिवनशैलीमा घुलमील हुन सहयोग गरेर ।

तपाई पनि अष्ट्रेलियामा पुनर्वास भएका अन्य शरणार्थी सरह सरकारी सहुलियतका लागी योग्य ठहरिनुहन्छ तथापि तपाईको प्रस्तावकले पनि तपाईलाई अष्ट्रेलियामा स्थापीत हुन सहयोग गरिदियोस भन्ने अपेक्षा गर्दछ ।

## मेरो प्रस्तावकले कुन कुन फारम भर्न आवश्यक पर्दछ ?

तपाईको प्रस्तावकले ६८१ - शरणार्थी र विशेष मानविय प्रस्तावना (681 – 'Refugee and Special Humanitarian Proposal') नामक फारम भर्नु पर्दछ र उनिहरुले आफु एक अष्ट्रेलियाली नागरिक वा अष्ट्रेलियाली स्थायी वासिन्दा वा एक योग्य न्यूजिल्याण्डको नागरिक भएको प्रमाण पेश गर्नु पर्दछ । तपाईको प्रस्तावकले अन्य कुन कुन कागजात पेश गर्नु पर्दछ भन्ने कुराको वृस्तित विवरण सोही फारममा उपलब्ध छ । उक्त फारम उपलब्ध गर्न सिधै http://www.immi.gov.au/allforms/pdf/681.pdf मा जान सकिन्छ वा दमक स्थित UNHCR कार्यालयवाट प्राप्त गर्न सकिन्छ ।

## मेरो प्रस्तावकले आवश्यक कागजात लगायत पुरा गरेको फारम कहाँ पठाउने ?

तपाईको प्रस्तावकले भरेको फारम 681 – 'Refugee and Special Humanitarian Proposal' लगायत आवश्यक अन्य कागजात पुरा गरिसकेपछि :

संपूर्ण कागजात स्क्यान गरेर सोझै नयाँ दिल्ली, भारतमा अवस्थित अष्ट्रेलियाली उच्च आयोगको कार्यलयको ईमेल ठेगाना india.refhumvisas@dfat.gov.au मा पठाउन सक्नु हुन्छ । ( कृपया आफ्नो प्रस्तावकलाई तपाईको फाईल नम्बर ६८१ फारमको सिरानमा लेख्न आग्रह गर्नु होला । अथवा

अष्ट्रेलियाको सिड्नी स्थित कार्यलयमा हुलाक मार्फत पठाउन सक्नुहुन्छ । कृपया आफ्नो प्रस्तावकलाई तपाईको फाईल नम्बर ६८१ फारमको सिरानमा लेख्न सम्झाउनु होला ।

अष्ट्रेलियामा हुलाक मार्फत फारम र अन्य कागजात पठाउने ठेगाना यस प्रकार छ :

हुलाक मार्फत

*NSW Offshore Humanitarian Processing Centre*
*GPO Box 9984*
*SYDNEY NSW 2001*
*AUSTRALIA*

कुरियर मार्फत (स्वयं उपस्थित भएर बुझाउन पर्ने छैन)

*NSW Offshore Humanitarian Processing Centre*
*26 Lee Street*
*SYDNEY NSW 2001*
*AUSTRALIA*

**तपाईको प्रस्तावकलाई फारम तपाईकाहाँ फिर्ता पठाउन आवश्यक छैन भन्नु होला ।**

## त्यस पछिको चरण के हो ?

अष्ट्रेलियाली उच्च आयोग, नयाँ दिल्लीले तपाईको प्रस्तावकले पठएको फारम प्राप्त गर्नासाथ तपाईको निवेदनलाई SHP भिसाको दर्जामा विचाराधीन अवस्था मा राख्ने छ ।

तपाई SHP कार्यक्रम अन्तर्गत प्रस्तावित भएपनि भिसा प्राप्त गर्नका लागी तपाईको आवश्यक संम्पूर्ण कुराहरु मिलेको हुनु पर्दछ ।

## यदि मेरो लागी प्रस्ताव गरिदिने कोही पनि छैनन् भने के गर्ने ?

यदि तपाईका लागि अष्ट्रेलियामा प्रस्ताव गरिदिने कोही पनि छैनन् भने अथवा यदि तपाई SHP कार्यक्रम अन्तर्गत पुर्नवासमा जान इच्छुक हुनुहुन्न भने तपाईको शरणार्थी दर्जा अन्तगर्तको शरणाथी भिसामा तपाईको निवेदन उच्च आयोगमा नियमित रुपमा अगाडी बढने छ ।